# प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर

तह दोस्रो वर्षशैक्षिक योजना तथा व्यवस्थापन

विषयकाआंशिक आवश्यकता पूरा गर्ने

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


### शोधकर्ता

हरिप्रसाद वस्ती
एम.एड. दोस्रो वर्ष
क्याम्पस रोल नं : १९४
परीक्षा रोल नं : २१४००३२
त्रि.वि. रजिष्ट्रेशन नं : ३५-००११५६
शैक्षिक वर्ष :२०६२/०६४

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ


२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
☎ : ०२१-५४५६५७
☎ : ०२१-५४५७१७
फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :
चलानी नम्बर :
मिति .....................

विषय :

# सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङका शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड द्वितीय वर्षका विद्यार्थी श्री हरिप्रसाद वस्तीद्वारा "प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता" शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गरिएको हो । स्वतन्त्र रुपमा तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६६/५/१२

(लक्ष्मीकुमार श्रेष्ठ)
शोध निर्देशक
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

i

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८
☎ : ०२१-५४५६१७
☎ : ०२१-५४५७१७
फ्याक्स : ०२१-५४५७१७

पत्र सङ्ख्या :
चलानी नम्बर :

मिति ......................

विषय : **स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङका एम.एड द्वितीय वर्षका विद्यार्थी श्री हरिप्रसाद वस्तीले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गर्नु भएको "प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता" शीर्षकको शोधपत्र निम्नानुसार मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथा शोध निर्देशक | |
| २. | श्री गणेशप्रसाद दहाल | सदस्य, शोध समिति | |
| ३. | प्रा.डा. बासुदेव काफ्ले | बाह्य परीक्षक | |

मिति : २०६६ / ६/ १/

ii

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि "प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता" शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा विभिन्न विद्वानहरुबाट आवश्यक सहयोग प्राप्त गरेको छु । शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु लक्ष्मीकुमार श्रेष्ठज्यूको निर्देशमा यो शोधपत्र तयार पारिएको हुँदा शोध प्रबन्धको रुपरेखा निर्माणदेखि सामग्री सङ्कलन, विश्लेषणका क्रममा आवश्यक निर्देशन, सरसल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक तथा विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समयमानै शोध प्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न घच्घच्याई सहयोग पुऱ्याउनुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका सहायक प्राध्यापक खगेन्द्रप्रसाद लुइँटेल ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोध पत्र तयारी कै प्रारम्भदेखि अन्तसम्म विभिन्न सुझाव, सल्लाह, हौसला र यथोचित मार्ग निर्देशन गरिदिनुहुने आदरणीय गुरुवर श्री गणेशप्रसाद दाहाल ज्यूप्रति अन्तस्करणबाटै कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको पाद टिप्पणी सन्दर्भ ग्रन्थ सूचीमा वर्णित कृतिका विद्वान लेखक, सम्पादक र प्रकाशकहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयारीको क्रममा प्रश्नावली भरी सहयोग पुऱ्याउनु हुने सम्बन्धित शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी, अभिभावक, विद्यालय निरीक्षक, शाखा अधिकृत, स्रोतव्यक्ति तथा सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हरिप्रसाद वस्ती

# शोधसार

शिक्षाको मूलधारमा आउन नसकेका खासगरी गरीब, विपन्न र सुविधाविहीन बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको चुनौती हो । यो राष्ट्रिय समस्या समाधान गर्न सरकारले विभिन्न प्रोत्साहित कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरु मध्ये विद्यालयको प्राथमिक तहमा मात्र सरकारले प्रदान गर्दै आएको पचास प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम पनि एक भएकाले "प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता" शीर्षकमा यो शोध पत्र तयार गरिएको छ ।

अध्यननका उद्देश्यहरुमा प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान अवस्था पहिचान गर्ने, छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखा-जोखा गर्ने र यस कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित यावत् पक्षहरुहरुलाई प्रभावकारी तुल्याउने उपायहरु सुझाउने रहेको छ । प्रस्तुत अध्ययनलाई प्रष्ट्याउन विभिन्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरी तिनै प्रश्नहरुमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

अध्ययनलाई मोरङ जिल्लाको जनपथ स्रोतकेन्द्र अन्तर्गतका तीस वटा सामुदायिक विद्यालयहरु मध्ये प्राथमिक, निम्न माध्यमिक र माध्यमिक गरी पन्ध्र वटा विद्यालयहरुको प्राथमिक तहमा मात्र सीमित गरिएको छ । अध्ययनको सैद्धान्तिक खाका अन्तर्गत अब्राहम मास्लो (१९४३)को अभिप्रेरणाको सिद्धान्त अन्तर्गत "आवश्यकतामा आधारित सिद्धान्त" र वि.एफ.स्किनरको "कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त" सँग आवद्ध गरी अध्ययनलाई अगाडि बढाइएको छ भने साहित्यको पुनरावलोकनका रुपमा शैक्षिक अनुसन्धान विकास केन्द्र ले गरेका छात्रा छात्रवृत्तिसँग सम्बन्धित अनुसन्धानात्मक साहित्य एवं बालिकाहरुसँग सम्बन्धित लेख रचना, पत्र पत्रिका, अनुसन्धान प्रतिवेदन आदिको अध्ययन तथा विश्लेषण गरिएको छ ।

अध्ययन परिमाणात्मक र गुणात्मक दुवै पक्षमा केन्द्रित छ । अध्ययनमा विद्यालय सर्वेक्षण फाराम, प्रश्नावली अन्तरवार्ता फाराम, छलफल, अबलोकन जस्ता तथ्याङ्क सङ्कलनका प्राथमिक साधनहरुको प्रयोग गरिएको छ भने विद्यालयको शैक्षिक तथ्याङ्क, विभिन्न शैक्षिक बुलेटिन र योजनाहरु, पत्रपत्रिका, प्रतिवेदन, पुस्तक, लेख, रचना, कार्यक्रम कार्यान्वयन निर्देशिका आदिबाट

सहायक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका उत्तरदाताहरु शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.नि., स्रोतव्यक्ति, शा.अ. र वि.व्य.स. अध्यक्षहरु रहेका छन् ।

सङ्कलित तथ्याङ्कहरुलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिका, ग्राफ चार्ट, प्रतिशत, अनुपात, औषतका आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ । छात्रा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित लक्षित छात्रा छनौटका आधारहरु, छनौटसम्बन्धी ढाँचा, छात्रा छात्रवृत्ति कोटा र रकमको पारदर्शिता, छात्रवृत्ति वितरण परम्परा, कार्यान्वयन निर्देशिका सम्बन्धी धारणा र यसको पालना, रकमको पर्याप्तता/अपर्याप्तता, सदुपयोग स्थिति, कार्यक्रम कार्यान्वयनमा जि.शि.का. को भूमिका, कार्यक्रमको आलोचनात्मक पक्ष र सकारात्मक पक्षहरु जस्ता शीर्षकहरुप्रतिको सम्बद्ध सरोकारहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई तालिकीकरण गरी शोधकार्यलाई अझ बढी यथार्थ र बस्तुपरक बनाइएको छ ।

व्याख्या विश्लेषणबाट प्राप्त नतिजाअनुसार यस छात्रवृत्ति कार्यक्रमले छात्राहरुको भर्नादर बढाउने, कक्षा छाड्ने दर घटाउने, नियमितता बढाउने, कक्षोत्तीर्ण दर बढाउने र सिकाइ उपलब्धि स्थितिमा सुधार ल्याउन यथेष्ट प्रभाव पारेको पाइयो । यस कार्यक्रमको SWOC विश्लेषणबाट प्राप्त नतिजाअनुसार यो कार्यक्रम गरिब र पिछडिएका बालिकाहरुका निम्ति विद्यालयमा भर्ना पहुँच बढाउने एक सशक्त माध्यम बनेको तर न्यून रकम भएका कारण यसले अति विपन्न वर्गलाई खासै प्रभाव पार्न नसकेको पाइयो । छात्रवृत्तिसम्बन्धी कार्य सञ्चालन निर्देशिकाको पूर्ण पालना गर्दै थप अन्य सहयोगी कार्यक्रम सञ्चालन गर्न सकेमा अति विपन्न वर्गका लागि समेत थुप्रै शैक्षिक अवसरहरुको सम्भावना यस कार्यक्रममा रहेको पाइयो । त्यस्तै लक्षितवर्गसम्बन्धी स्पष्ट परिभाषाको समस्या, कुनै विद्यालयमा धनी वर्गकी छात्राले समेत छात्रवृत्ति पाउने तर कतै भने गरिब वर्गकाले पनि नपाउने अवस्था जस्ता चुनौती यस कार्यक्रममा रहेको पाइयो । त्यस्तै छात्रवृत्ति योजना, व्यवस्थापन र कार्यान्वयनमा थुप्रै जटिलताहरु रहेको तथ्यलाई अध्ययनले देखाएको छ ।

छात्रा छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी तुल्याउन योजना व्यवस्थापन र कार्यान्वयन पक्षमा धेरै सुधारको खाँचो रहेको अध्ययनले देखाएको छ । शिक्षाको अवसर लागत र शैक्षिक लागत समावेश गरी छात्रवृत्तिको कोटा र रकम बढाउनु पर्ने, छात्रवृत्ति वितरण समय र प्रक्रियामा लचकता हुनु पर्ने,

नागरिक समाजका सदस्यहरुलाई समेत छात्रवृत्ति वितरण प्रक्रियामा समावेश गराई वितरण प्रणाली र प्रक्रियालाई पारदर्शिता र सहभागितामूलक बनाउनु पर्ने, हरेक विद्यालयहरुमा विभाजित तथ्याङ्क तयार गर्न लगाई छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने बीचको शैक्षिक सूचकहरुलाई अध्यावधिक गर्नु गराउनु पर्ने, छात्रावृत्तिको समग्र प्रणाली (Blanket Approach) को सट्टा Pocket Package का रुपमा यस कार्यक्रमलाई अघि बढाउने कार्यको थालनी गर्नु पर्ने, लक्षित छात्राहरुलाई विद्यालय शिक्षा पार नगरेसम्म नियमित रुपमा छात्रवृत्ति पाइरहने व्यवस्था गर्नुपर्ने, स्थानीय तहमा छात्रवृत्ति वितरण गर्ने र अनुगमन गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्नु पर्ने र छात्रवृत्ति कार्यक्रमलाई एक प्रभावकारी प्रोत्साहित कार्यक्रमका रुपमा स्थापित गर्न यसै कार्यक्रमको सहयोगी कार्यक्रमका रुपमा खाजा, तेल, मट्टितेलको वितरण गर्ने नीतिगत व्यवस्था गरी एकीकृत रुपमा वितरणको व्यववस्था मिलाउनु पर्ने लगायतका कुराहरुलाई अध्ययनले सिफारिश गरेको छ ।

**हरिप्रसाद वस्ती**

# विषय सूची


पेज न.

| | |
|---|---|
| शिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| प्राक्कथन | III |
| शोधसार | IV-VI |
| विषय सूची | VII-IX |
| तालिका सूची | X |
| संक्षिप्त शव्दावली | XI |

**अध्याय : एक**

**परिचय** १-९

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरु | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनका परिसीमाहरु | ८ |

**अध्याय : दुई**

**अध्ययनको सैद्धान्तिक खाका एवं साहित्यको पुनरावलोकन** १०-१७

| | |
|---|---|
| २.१ अध्ययनको सैद्धान्तिक खाका | १० |
| २.२ सम्बधित साहित्यको पुनरावलोकन | १३ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | १६ |

**अध्याय : तीन**

**अध्ययन विधि** १८-२०

| | |
|---|---|
| ३.१ अनुसन्धानात्मक ढाँचा | १८ |
| ३.२ नमुना छनौटका अधारहरु | १८ |
| ३.३ तथ्याङ्क सङ्कलन प्रकिया | १८ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधनहरु | १९ |
| ३.५ तथ्याङ्कका स्रोतहरु | १९ |
| ३.६ तथ्याङ्क विश्लेषण प्रकिया | २० |

## अध्याय : चार


**तथ्याङ्कको व्याख्या तथा विश्लेषण** २१–७६

४.१ प्राथमिक शिक्षामा छात्रा सहभागिताको वर्तमान स्थिति २१

४.१.१ विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्ना स्थिति २२

४.१.२ विद्यालय सेवा क्षेत्रमा छात्राहरुको खूद भर्न स्थिति २४

४.२ छात्रा छात्रवृत्ति कार्यकमको प्रभावकारिता २७

४.२.१ विद्यार्थी नियमितता २८

४.२.२ छात्राहरुको कक्षोत्तीर्ण अवस्था ३१

४.२.३ कक्षा छाड्ने छात्राहरु ३४

४.२.४ छात्राहरुको सिकाइ उपलब्धि स्थिति ३७

४.२.५ छात्रा छात्रवृत्ति कार्यकमको कार्यान्वयन अवस्था ३९

लक्षित छात्रा छनौटका आधारहरु ४०

लक्षित छात्रा छनौट गर्ने ढाँचाहरु ४२

छात्रा छात्रवृत्ति वितरणका आधारहरु ४३

छात्रवृत्ति कोटा र रकमको पारदर्शिता ४५

छात्रवृत्ति वितरण परम्परा ४७

छात्रवृत्ति कार्यसञ्चालन निर्देशिका सम्बन्धी धारणा ४८

कार्यक्रम कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालयको भूमिका ४९

छात्रा छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता ५१

छात्रवृत्तिको सदुपयोग स्थिति ५४

छात्रा छात्रवृत्ति कार्यक्रमको आलोचनात्मक पक्ष ५५

छात्रा छात्रवृत्ति प्रतिको सकारात्मक धारणा ५८

४.३ छात्रा छात्रवृत्ति कार्यक्रमको SWOC विश्लेषण ६१

४.३.१ सवल पक्षहरु ६१

४.३.२ कमजोरीहरु ६३

४.३.३ अवसरहरु ६५

४.३.४ चुनौतीहरु ६५


## अध्याय : पाँच


**प्राप्ति, निष्कर्ष र सिफारिशहरु** ७७–८३

५.१ प्राप्ति ७७

५.२ निष्कर्ष ८०

५.३ सिफारिस ८१

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# तालिका सूची


| | | पेज नं. |
|---|---|---|
| **तालिका नं. १** | विद्यालयको तहगत खूद भर्नादर स्थिति | ४ |
| **तालिका नं. २** | विद्यालय तथा उत्तरदाता छनौट विवरण | १९ |
| **तालिका नं. ३** | विद्यालय सेवा क्षेत्रमा छात्राहरुको सहजै देखिने भर्नादर स्थिति | २२ |
| **तालिका नं. ४** | विद्यालय सेवा क्षेत्रमा छात्राहरुको खूद भर्नादर स्थिति | २५ |
| **तालिका नं. ५** | छात्रा नियमितताको अवस्था | २९ |
| **तालिका नं. ६** | छात्राहरुको कक्षोत्तीर्ण अवस्था | ३२ |
| **तालिका नं. ७** | कक्षा छाड्ने स्थिति | ३५ |
| **तालिका नं. ८** | छात्राहरुको सिकाइ उपलब्धि | ३८ |
| **तालिका नं. ९** | विद्यालयले अपनाएका लक्षित छात्रा छनौटका आधारहरु | ४० |
| **तालिका नं. १०** | विद्यालयका लक्षित छात्रा छनौट गर्ने ढाँचाहरु | ४२ |
| **तालिका नं. ११** | विद्यालयले अपनाएका छात्रा छात्रवृत्ति वितरणका आधारहरु | ४४ |
| **तालिका नं. १२** | छात्रावृत्ति कोटा र रकमको पारदर्शिता | ४६ |
| **तालिका नं. १३** | छात्रवृत्ति वितरण परम्परा | ४७ |
| **तालिका नं. १४** | छात्रावृत्ति निर्देशिका सम्बन्धी कार्यान्वयन स्थिति | ४९ |
| **तालिका नं. १५** | जि.शि.का. बाट भएका नीति निर्देशन सम्बन्धी कार्यहरु | ५० |
| **तालिका नं. १६** | छात्रा छात्रवृत्ति रकमको पर्याप्तता/अपर्याप्तता | ५२ |
| **तालिका नं. १७** | छात्रवृत्तिको सदुपयोग स्थिति | ५४ |
| **तालिका नं. १८** | छात्रा छात्रवृत्ति कार्यक्रमको आलोचनात्मक पक्ष | ५५ |
| **तालिका नं. १९** | छात्रा छात्रवृत्तिप्रतिको सकारात्मकता | ५६ |

## संक्षिप्त शव्दावली

| | |
|---|---|
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| शा.अ. | शाखा अधिकृत |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| आ.प्रा.शि.प | आधारभूत प्राथमिक शिक्षा परियोजना |
| वि.नि. | विद्यालय निरीक्षक |
| स्रो.व्य | स्रोतव्यक्ति |
| प्र.अ | प्रधानाध्यापक |
| PTA | Parent Teacher Association |
| BPEP | Basic and Primary Education Project |
| EFA | Education For All |
| SESP | Secondary Education Support Program |
| GER | Gross Enrolment Ratio |
| NER | Net Enrolment Ratio |
| EMIS | Educational Management Information System |
| SWOC | Strength, Weakness, Opportunities and Concern. |